मिति: २०८१।०७।१२ गते [illegible] गाउँ कार्यपालिका बैठक नं. ४७

आज मिति २०८१।०७।१२ गते [illegible] दिउँसो ०२:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर वहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भागवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मितिः २०८१।०७।१२ गते | गाउँ कार्यपालिका | बैठक नं ४७

प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. नियमावली एवं कार्यविधि कानुन निर्माण सम्बन्धमा।
३. विद्यालय बस खरिद सम्बन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट कार्यान्वयन सम्बन्धमा।
५. अस्थायी क्रसर उद्योग स्थापना सम्बन्धमा।
६. झलुङ्गे पुल माग सम्बन्धमा।
७. विविध १, २, ३ र ४

प्रमाणित

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

सर्केश घलान
अध्यक्ष

मिति: २०८१।०७।१२ गते    गाउँ कार्यपालिका    बैठक नं. ४७

**निर्णयहरु**

<u>निर्णय नं. ०१</u>

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वियनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

<u>निर्णय नं. ०२</u>

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधनका लागि गाउँ कार्यपालिकालाई आवश्यकता महशुस गरी गाउँ कार्यपालिकाको कार्यालय मार्फत विधेयक समितिलाई निर्माण एवं संशोधनका लागि अनुरोध गरेका देहाय बमोजिमका नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिकाको मस्यौदा आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त मस्यौदा उपर छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.सं. | नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डको विवरण | कैफियत |
|---|---|---|
| १ | बागमती गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ | निर्माण |
| २ | बागमती गाउँपालिकाको भवन अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| ३ | बागमती गाउँपालिकाको पशुपालनमा यान्त्रिकीकरण सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| ४ | बागमती गाउँपालिकाको कृषि उपज संकलन केन्द्र संचालन तथा बजार व्यवस्थापन कार्यविधि, २०८१ | निर्माण |
| ५ | बागमती गाउँपालिकाको लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०८१ | निर्माण |
| ६ | बागमती गाउँपालिकाको चमेना गृह संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | निर्माण |
| ७ | बागमती गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०८० | संशोधन |
| ८ | बागमती गाउँपालिकाको बीउपुँजी परिचालन कार्यविधि, २०७९ | संशोधन |

<u>निर्णय नं. ०३</u>

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडाको च.नं. ९३, मिति २०८१।०५।११ गतेको प्राप्त पत्रानुसार विद्यालय बस खरिद सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट विद्यालय बस सञ्चालन खर्च व्यहोर्ने निर्णय सहितको प्रतिवद्धता पत्र माग भएको हुँदा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा वजेटको लक्ष्य एवं उद्देश्य कार्यान्वयनार्थ र सामुदायिक विद्यालयमा बस संचालन गर्दा विद्यार्थीहरुमा यातायातको सहज पहुँच स्थापित भइ सिकाइमा गुणस्तर अभिवृद्धि हुने हुँदा यस स्थानीय तह अन्तर्गत श्री बागमती माध्यमिक विद्यालय, बागमती-

सर्केश घलान
अध्यक्ष

०२. राईगाउँमा विधालय बस सञ्चालन गर्दा लाग्ने खर्च व्यहोर्न गाउँपालिका प्रतिवद्ध रहेको व्यहोरा अवगत गराउँदै सोही बमोजिमको पत्र पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो ।

__निर्णय नं. ०४__

प्रस्तावित विषय नं. ०४ माथि छलफल गर्दा आ.व. ०८१।८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार तथा आई.डि.ए मार्फत सङ्घीय सशर्त अनुदानको रुपमा यस गाउँपालिकाको लागि प्राप्त हुने बजेटको प्रभावकारी कार्यान्वयनका लागि बागमती गाउँपालिकाको रोजगार निर्देशक समितिले मिति २०८१।०७।१२ मा गरेको निर्णय आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णयहरुलाई स्वीकृत गरी देहायानुसारका बजेट स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो । साथै अनुसूची-१ बमोजिमको वेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची अनुमोदन गर्ने निर्णय गरियो ।

__देहाय__

आर्थिक वर्ष २०८१/०८२ को लागि प्राप्त ज्याला रकम

| बजेटको स्रोत | रकम रु. | जम्मा बजेट रु. |
|---|---|---|
| नेपाल सरकार | २३,२२०० | ५०,२२,००० |
| विश्व बैंक | २७,००,००० | |

वडागत विनियोजित बजेट

| वडा नं. | प्रविष्ट बेरोजगार संख्या (जना) | प्रतिशत(%) | रोजगार प्राप्त संख्या (जना) | बजेट रु. |
|---|---|---|---|---|
| १ | ९९ | ७ | ५ | ३५२००० |
| २ | १४० | १० | ७ | ४९२८०० |
| ३ | १५९ | ११ | ८ | ५६३२०० |
| ४ | १४५ | १० | ७ | ४९२८०० |
| ५ | ३३४ | २३ | १५ | १०५६००० |
| ६ | १३९ | १० | ७ | ४९२८०० |
| ७ | १६६ | १२ | ९ | ६३३६०० |
| ८ | ९४ | ६ | ५ | ३५२००० |
| ९ | १६२ | ११ | ८ | ५६३२०० |
| १० | १४३८ | १०० | ७१ | ४९९८४०० |

जम्मा प्राप्त बजेट: रु.५०,२२,०००।

वडामा विनियोजित बजेट: रु.४९,९८,४००।-

बाँकी बजेट: रु.२३,६००।– (आवश्यकतानुसार खर्च गरिने)

अध्यक्ष

<u>निर्णय नं. ०५</u>

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा, Super Bagmati Hydropower Ltd. को च.नं.११/०८१/०८२, मिति २०८१/०६/१३ गतेको प्राप्त पत्रानुसार यस बागमती गाउँपालिकाको वडा नं. ०५, ०६ र ०९ मा संचालन हुन गईरहेको सुपर तल्लो बागमती जलविद्युत आयोजना (४१.८६ मेघा वाट) निर्माण कार्य अनक ग्रोथ टेकोन जेभीद्वारा संचालन हुने भनि जानकारी प्राप्त भएको र उक्त आयोजना निर्माण गर्न आवश्यक पर्ने विभिन्न साइजका गिट्टी तथा बालुवा आवश्यक पर्ने भएकोले वडा नं. ०५ अन्तर्गत लिती खोला रिपेनी रमौली टोलमा अस्थायी क्रसर स्थापनाका गरी गिट्टी तथा बालुवा उत्पादन गर्न अस्थायी क्रसर संचालनका लागि माग भएको हुँदा गाउँपालिका क्षेत्रभित्र संचालित उक्त राष्ट्रिय महत्वको आयोजनाको लक्ष्य, उद्देश्य तथा महत्व र गाउँपालिकाले प्राप्त गर्ने लाभलाई मध्यनजर गर्दै सो योजनाको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने ध्येयले प्रचलित कानुन बमोजिम दस्तुर संकलन गरी निर्माण अवधिभर मात्र अन्यत्र सामग्री विक्री वा निकासी गर्न नपाउने गरी लिती खोला रिपेनी रमौली टोलमा मापदण्ड बमोजिम अस्थायी क्रसर संचालन गर्न अनुमति दिने, साथै सोको जानकारी जिल्ला अनुगमन समितिलाई दिने सर्वसम्मतिमा निर्णय गरियो ।

प्रमाणित
दर्जी
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णय नं. ०६</u>

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग झोलुङ्गेपुल शाखा श्रीमहल पुल्चोक ललितपुरको प.सं. ०८१/०८२, च.नं. ९५, मिति २०८१।०७।०८ गतेको प्राप्त पत्रानुसार यस बागमती गाउँपालिकाको पैदल मार्गहरु नदी/नाला/खोला/ खोंचहरुमा सहज यात्रा गर्ने प्रयोजनार्थ देहायानुसारका स्थानहरुमा प्राथमिकताको आधारमा झोलुङ्गे पुल माग गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

<u>देहाय</u>

| प्रा.नं. | वडा नं. | स्थान | खोलाको नाम | झो.पु. को नाम | अनुमानित लम्बाई (मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०९ | बागमती गाउँपालिका ०९ गैरी जंगार र महाङ्काल गा.पा. ०६ कन्यडाँडा | बागमती नदी | गैरी जंगार-कन्यडाँडा जोड्ने झो.पु. | ११९ | |
| २ | ०२ | बागमती गाउँपालिकाको भिमाद र हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीको बज्रे | बागमती नदी | भिमाद-बज्रे जोड्ने झो.पु. | १०५ | |
| ३ | ०३ | पिपलटार र सिमलटार | चिरुवा खोला | पिपलटार-सिमलटार जोड्ने झो.पु. | १०५ | |

सर्केश घलान
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ०३ | कुकुजोर र विष्णु आ.वि. | [illegible] | कुकुजोर र विष्णु आ.वि. जोड्ने झो.पु | १०० | |
| ५ | ०३ | वयरघारी र सल्लेनी | चिरुवा खोला | वयरघारी- सल्लेनी जोड्ने झो.पु | ११० | |
| ६ | ०२ | बागमती गाउँपालिकाको पैरे र हरिहरपुरगढी गाउँपालिका, सिन्धुलीको झ्याडी | बागमती नदी | पैरे-झ्याडी जोड्ने झो.पु. | ११० | |
| ७ | ०२ | ठूलो दमार र देउराली | चिरुवा खोला | ठूलो दमार-देउराली जोड्ने झो.पु | ११५ | |

प्रमाणित

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ०७**

प्रस्तावित विषय नं. ०७ विविध माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहाय बमोजिम सर्वसम्मतिमा निर्णय गरियो ।

१. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश हेटौंडाको प.सं. सिफारिस-०८१/०८२, च.नं. ५५, मिति २०८१।०७।०५ गतेको उम्मेदवार सिफारिस गरिएको सम्बन्धिको प्राप्त पत्रानुसार यस गाउँपालिकामा रिक्त स्थानीय सेवा तर्फ, सातौं तह (प्राविधक), इञ्जिनियरिङ सेवा, सिभिल समूह, इञ्जिनियरिङ पदमा थारु क्लष्टरबाट यो.क्र.नं. २ का टोनी प्रकाश चौधरी सिफारिस भइ आउनु भएको हुँदा बागमती प्रदेश सरकारको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा १७ बमोजिम नियुक्ति दिइ पदस्थापना गरी मिति २०८१।०७।०५ गते देखि लागू हुने गरी हाजिर गराई कामकाजमा लगाउने ।
२. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ६९, मिति २०८१/०७/०१ को प्राप्त पत्रानुसार संवत् २०८१ साल असोज ११ र १२ गतेको अविरल वर्षा, बाढीपहिरोका कारण विद्यालयहरुमा भएका क्षतिका सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिको मिति २०८१/०६/२२ गते बसेको बैठकको निर्णय अनुसार प्रत्येक पालिकामा विनियोजित बजेट रु.४-६ लाखसम्मको बजेटबाट तत्कालीन रुपमा क्षति भएका विद्यालयहरुको सरसफाइ, वैकल्पिक सिकाइ व्यवस्था लगायतका काम तुरुन्त प्रारम्भ गर्न अनुरोध भएबमोजिम यस पालिकालाई उक्त विनियोजित बजेट प्राप्त भए पश्चात् तोकिए बमोजिमका कार्य तुरुन्त प्रारम्भ गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।
३. यस गाउँपालिकाले संवत् २०७९ मा स्वीकृत एवम् प्रकाशित र हाल कार्यान्वयनमा रहेको आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम "बागमती गाउँपालिकाको परिचय" नामक स्थानीय पाठ्यक्रम "पाठ्यक्रम विकास केन्द्र" मा स्वीकृतिका लागि आवश्यक प्रक्रिया अघि बढाउने र उक्त स्थानीय पाठ्यक्रम सम्बन्धी सहजीकरण पुस्तिका एवम् पाठ्यपुस्तक निर्माणका लागि आवश्यक तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत् सम्बन्धित शाखालाई निर्देशन दिने।

अध्यक्ष

मिति २०८१/०७/१२ गते गाउँ कार्यपालिका बैठक नं ४७

४. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौको प.सं. २०८१।८२, च.नं. १८, मिति २०८१।०६।१४ गतेको प्राप्त पत्र र च.नं. १०१, मिति २०८१।०६।१४ गतेको पत्र मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएको निर्णय कार्यान्वयन, सुझाव कार्यान्वयन एवं आवश्यक कारबाही सम्बन्धी पत्रको व्यहोरा अवगत भइ विस्तृत रुपमा छलफल गरी उक्त सुझावहरु कार्यान्वयन गर्ने ।